(ग) विशेष साधारणसभा

**२६. प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार :** प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिले सहकारी संस्था दर्ता भएको मितिले तिन महिना भित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्ने ,

(ख) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ग) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(घ) प्रतिवेदन तथा वित्तीय विबरण अनुमोदन गर्ने,

(ङ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(च) आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**२७. वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार :** वार्षिक साधारसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक अर्थिक वर्ष सकिएको ३ महिना भित्र वार्षिक साधारणसभा बोलाउने,

(ख) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ग) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(घ) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने

(ङ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(च) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(८) बिना धितो लिएको ऋण कुनै शेयर सदस्यले शर्त बमोजिम भुक्तान नगरेमा ऋणीको हक लाग्ने अन्य चल अचल जायजेथाबाट असूल उपर गर्न सक्नेछ ।

(९) उपदफा १, २, ३ र ८ बमोजिमको प्रक्रियाबाट समेत संस्थाको ऋणको सावाँ व्याज हर्जना असुल उपर नभएमा धन जमानी शेयर सदस्यबाट असूल उपर गरिनेछ ।

**५९. कालो सूची सम्बन्धि व्यवस्था :** संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयवधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यस्ता व्यक्तिलाई गाउँ कार्यपालिकाले प्रदान गर्ने सेवा सुविधा बाट बञ्चित गर्न सक्नेछ ।

**६०. कर्जा सूचना केन्द्र सम्बन्धि व्यवस्था :** कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**६१. बाँकी बक्यौता असूल उपर गर्ने :** कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको व्याज समेत संस्थाको अनुरोध/सिफारिस दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गरिदिन सक्नेछ ।

**६२. रोक्का राख्न लेखी पठाउने :** (१) संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्रि गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**अनुसूचि २**
**(परिच्छेद २ को दफा ६ सँग सम्वन्धित)**
**घ्याङलेख गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हायुटार, सिन्धुली**
**वागमती प्रदेश, नेपाल**
**२०७३**
**सहकारी दर्ता प्रमाण-पत्र**

**दर्ता नं. :**

घ्याङलेख गाउँपालिका सहकारी ऐन, २०७४ को दफा ६ बमोजिम श्री ............ ....................................लाई सीमित दायित्व भएको सहकारी संस्था दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

सहकारी संस्थाको नाम :.........................................

ठेगाना :............................................

कार्यक्षेत्र :.........................................

वर्गीकरण :........ ...................................

दर्ता गरेको मिति :

पद : प्रमुख प्रशासकिय अधिकृत

दस्तखत :

कार्यालयको छाप :

**प्रमाणीकरण मिति :- २०७९।११।०८**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**

घ्याङलेख गाउँपालिका